नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय

जि. प्र. का. द. नं.: ०४७/०६३/६४

# प्रतिलिपि अधिकार बुलेटिन

Copyright Bulletin

सूचना तथा सचेतनाका लागि

नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयको चौमासिक प्रकाशन

फाल्गुण ३०, २०६९ Volume 7, Issue 20 March 13, 2013

## यस भित्र

प्रतिलिपि अधिकार कानून कार्यान्वयन सम्बन्धी क्षेत्रीय गोष्ठी ....................३

प्रहरी अधिकृतहरूका लागि प्रतिलिपि अधिकार सम्बन्धी तालीम ..............४

प्रतिलिपि अधिकार ऐन सुधार सम्बन्धी छलफल .................................... ३

रचना दर्ता............................... ८

सम्पादकीय ............................... ८

सम्पादक समूह:

प्रधान सम्पादक: बिसु कुमार के.सी.

सम्पादक: विश्वबन्धु पौडेल

सम्पादक: अनिल राज शर्मा

डिजाइन तथा कम्प्युटर

रत्नकाजी महर्जन

दिपेन्द्र कक्षपती

www.nepalcopyright.gov.np

यदि तपाईंसँग बौद्धिक सम्पत्ति, प्रतिलिपि अधिकार एवं तत्सम्बन्धी अधिकारका विषयमा कुनै कानूनी वा अन्य जिज्ञासा भएमा आफूलाई लागेका प्रश्नहरु हामीलाई लेखी पठाउनुहोला । यस बुलेटिनका आगामी अङ्कहरुमा तपाईंका प्रश्नहरुको उत्तर दिने प्रयास गर्नेछौं ।

धन्यवाद ॥

# चलचित्रकर्मिहरूका लागि राष्ट्रिय कार्यशाला



नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय र विश्व बौद्धिक सम्पत्ति संगठन (WIPO) को संयुक्त आयोजनामा "National Workshop on Copyright for Film Industry Professionals" विषयमा मिति २०६९ मंसिर २७ र २८ गते काठमाडौंमा दुई दिने राष्ट्रिय कार्यशालाको आयोजना गरिएको थियो । कार्यक्रम संचालन गर्न विश्व बौद्धिक सम्पत्ति संगठनबाट Copyright Infrastructure Division, Creative Industries Section का Counsellor, Ms. Donna M.A. Hill आउनु भएको थियो भने विषय विज्ञका रूपमा Compliance Consultanting, Los Angeles का President Mr. Rob Aft तथा Content Sales and Distribution, Celestial Entertainment, Hong Kong का Executive Vice President Mrs. Wendy Reeds को सहभागिता रहेको थियो । कार्यक्रममा नेपाली चलचित्र क्षेत्रका संघ संस्थाहरू, नेपाल चलचित्र निर्माता संघ, नेपाल चलचित्र संघ, नेपाल चलचित्र कलाकार संघ, नेपाल चलचित्र निर्देशक समाज, नेपाल चलचित्र लेखक संघ, नेपाल चलचित्र प्राविधिक संघ, गीतकार संघ, संगीत निर्देशक संघ, संगीत रोयल्टी संकलन समाज, प्रस्तोता समाज नेपाल, नेपाल संगीत उद्योग संघका प्रतिनिधिहरू, कानूनविद्हरू, पत्रकारहरू लगायतको सहभागिता रहेको थियो ।

प्रतिलिपि अधिकार तथा तत्सम्बन्धी अधिकार विषयका साथै चलचित्र उद्योगमा प्रतिलिपि अधिकारको संझौताको आवश्यकता र महत्व बारे जानकारी गराउने, चलचित्र उद्योगमा प्रतिलिपि अधिकार धनीहरू बीचमा रहेका संझौताहरूको वर्तमान अवस्थाको समीक्षा गर्नुका साथै अन्तर्राष्ट्रिय स्तरमा चलचित्र उद्योगमा प्रचलनमा रहेका प्रतिलिपि अधिकार, चलचित्र निर्माण तथा वितरण सम्बन्धी संझौताका मान्यता र प्रचलन सम्बन्धमा जानकारी दिलाउने यस कार्यशालाको मुख्य उद्देश्य रहेको थियो ।

कार्यक्रमको उद्घाटन माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री पोष्टबहादुर बोगटीले गर्नु भएको थियो भने उद्घाटन सत्रको सभापतित्व संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका श्रीमान् सचिव यज्ञ गौतमले गर्नु भएको थियो । कार्यक्रमका प्रमुख अतिथि मा. मन्त्री पोष्ट बहादुर बोगटीले बौद्धिक सम्पत्तिको संरक्षण गर्न प्रतिलिपि अधिकार ऐन तथा नियमावली अन्तर्राष्ट्रिय मान्यता र स्तरको बनाउन सरकार प्रयासरत रहेको जानकारी गराउनु भयो । उहाँले 'गीत संगीत, चलचित्र, पुस्तकहरूको पाइरेसीजन्य समस्या निराकरणको लागि स्रष्टा/सर्जक, कलाकार, गीत-संगीत, चलचित्र, पुस्तक

व्यवसायीहरू र सरकारले संयुक्त रूपमा लागी पर्नु पर्दछ भन्नु हुँदै नेपाल सरकारले सबै जिल्लामा एक जना प्रहरी अधिकृतलाई प्रतिलिपि अधिकार नोडल अधिकृतको रूपमा काम गर्न तोकी सकेकोले प्रतिलिपि अधिकार धनी तथा व्यावसायीहरूले पनि आफ्नो अधिकार उल्लंघन भएको, पाइरेसी, नक्कल वा चोरी भएको अवस्थामा प्रहरीमा जाहेरी दिन पछि नपर्न' आग्रह गर्नु भयो। मा. मन्त्रीज्यूले आफ्नो सम्बोधनको क्रममा हाल भएका प्रशासनिक र कानूनी व्यवस्थाको उपयोगबाट नियन्त्रण हुन सक्नेसम्मका उपायहरूको उपयोग गर्न स्रष्टाहरूलाई सुझाव दिँदै आवश्यक परेमा थप कार्यक्रम ल्याउन नेपाल सरकार तयार रहेको कुरा समेत जानकारी गराउनु भयो । मा. मन्त्री श्री वोगटीले सो Workshop सञ्चालन लगायत नेपालको बौद्धिक सम्पति अधिकार व्यवस्थाको विकासमा निरन्तर सहयोग पुऱ्याएकोमा विश्व बौद्धिक सम्पत्ति संगठन (WIPO) लाई नेपाल सरकारको तर्फबाट हार्दिक धन्यवाद व्यक्त गर्दै आगामी दिनमा यस्ता सहयोगका कार्यक्रमहरू अझै बढ्दै जानेछ भन्ने विश्वास समेत प्रकट गर्नु भयो ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव श्री यज्ञ प्रसाद गौतमले "नेपाल, साहित्यिक तथा कलात्मक रचनाहरूको संरक्षण गर्ने बर्न महासन्धि (Berne Convention for the Protection of Literary and Artistic Work 1886) को पक्षधर भइसकेको छ। यसका साथै WTO को सदस्यता प्राप्तिपछि व्यापारसँग सम्बन्धित बौद्धिक सम्पत्ति अधिकारका पक्षहरू सम्बन्धी सम्झौता (Agreement on Trade Related Aspects of Intellectual Property Rights -TRIPs) का प्रावधानहरू पनि पालना गर्नु पर्ने दायित्व छ। प्रतिलिपि अधिकार ऐन, २०५९ ले सन्धि महासन्धिहरूमा उल्लेखित प्रावधानहरूलाई समेट्ने प्रयास गरेको छ । प्रस्तोता, ध्वनिअंकन उत्पादक र प्रसारण संस्थाको अधिकार सम्बन्धी रोम महासन्धिको पनि नेपाल पक्षधर बन्ने गृहकार्य भइरहेको छ। आगामी दिनमा प्रचलित अन्तराष्ट्रिय मूल्य, मान्यता र मुलुकका स्रष्टा, सर्जक, कलाकार तथा सम्बन्धित व्यावसायीहरूको हीत र आवश्यकता अनुकूल प्रतिलिपि अधिकारको कानूनी र प्रशासनिक व्यवस्थामा सुधार गर्दै लगिने नै छ। यस्ता कार्यक्रमहरूबाट आउने सुझावहरूले पनि सुधार र विकासको काममा मद्दत पुग्नेछ भन्ने विश्वास लिएको छु" भन्नु भयो । स्रष्टाको सिर्जनाको दुरुपयोग हुन नपाओस् भन्नेतर्फ पनि ध्यान दिनु पर्ने विचार व्यक्त गर्दै प्रतिलिपि अधिकार धनीको स्वीकृत लिएर मात्र त्यस्ता रचनाहरूको प्रयोग गर्न र अनधिकृत प्रयोग हुन नदिने वातावरण बनाउन समेत उहाँले सबैलाई अनुरोध गर्नु भयो ।

कार्यक्रम आयोजक विश्व बौद्धिक सम्पति संगठन (WIPO) का तर्फबाट Counsellor, Ms. Donna M.A. Hill ले कार्यक्रमको महत्वमाथि प्रकाश पार्दै WIPO ले बौद्धिक सम्पति अधिकारको संरक्षणमा गरेका प्रयासको बारेमा जानकारी दिनु भयो । सिर्जनात्मक काममा आधारित उद्यम व्यवसायबाट देशको कला, साहित्यको मात्र नभएर आर्थिक र प्राविधिक विकास समेत हुने हुँदा WIPO ले प्रतिलिपि अधिकार व्यबस्था सुदृढ बनाएर सिर्जनात्मक उद्यमहरूको प्रबर्द्धन गर्न छुट्टै सिर्जनात्मक उद्यम शाखा स्थापना गरी विभिन्न क्रिया-कलापहरू संचालन गरिरहेको जानकारी गराउनु भयो। यसै प्रसङ्गमा 'चलचित्र यस्तै सिर्जनात्मक काम एवं उद्यम भएको र यसमा धेरै स्रष्टा तथा कलाकारहरूको सिर्जना र प्रस्तुति संयोजन हुने हुँदा यसमा प्रतिलिपि अधिकारको व्यबस्थापन अति जरुरी छ र यो काम जटिल पनि छ। स्तरीय प्रतिलिपि अधिकार सम्बन्धी संझौता पत्र तयार पारेर लागू गर्न सके चलचित्र क्षेत्रबाट स्रष्टा, कलाकारहरू तथा निर्माता लगायत समाजले नै पाईदा लिन सक्ने छ' भन्ने विचार पनि उहाँले राख्नु भयो। WIPO को पहलमा यस्तो कार्यक्रम इण्डोनेसिया र नाईजेरीयामा सफलतापूर्वक आयोजना भएकोले यहाँ पनि सफल हुने आशा व्यक्त गर्नु भयो ।



उद्घाटन सत्रमा आयोजकको तर्फबाट प्रमुख अतिथि, अतिथि, पत्रकार लगायत उपस्थित सम्पूर्ण सहभागीहरूलाई नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका रजिष्ट्रार श्री बिसु कुमार के.सी.ले स्वागत गर्दै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नु भएको थियो । वहाँले सिर्जनाको संरक्षण र सार्वजनिक प्रयोग वापत रोयल्टी पाउने व्यबस्था प्रभावकारी बनाउनका लागि स्रष्टाहरू तथा प्रतिलिपि अधिकारका धनीहरूले आफ्नो अधिकारको व्यवस्थापनमा विशेष ध्यान पुऱ्याउनु आवश्यक रहेको तथ्यमाथि प्रकाश पार्नु भयो । प्रतिलिपि अधिकार व्यवस्थापनका लागि कुशल तरिकाले सबै कुरा समेटेर संझौता गर्न सकियो भने धेरै नै उपयोगी हुने हुँदा यो कार्यशाला आयोजना गरिएको जानकारी समेत गराउनु भयो ।

कार्यक्रमको दोश्रो सत्रमा कार्यपत्रहरूको प्रस्तुति र छलफलका कार्यक्रम रहेको थियो । पहिलो कार्यपत्र WIPO का Counsellor, Ms. Donna M.A. Hill ले The Economic Performance of the Copyright based industries विषयमा प्रस्तुत गर्नु भएको थियो । बौद्धिक सम्पत्ति विशेषत: सिर्जनात्मक कामहरूले देशको राष्ट्रिय उत्पादन, रोजगारी, बैदेशिक लगानी, राजश्व आदि अर्थतन्त्रका मूलभुत क्षेत्रहरूमा के कस्तो योगदान गरिहेको छ भन्ने विषयमा अनुसन्धानको आवश्यकता रहेको तथ्य औंल्याउनु भयो । बिकसित देशहरूमा प्रतिलिपि अधिकारजन्य उद्यम व्यबसायहरूले

बाकी ६ पृष्ठमा

# प्रतिलिपि अधिकार कानून कार्यान्वयन सम्बन्धी क्षेत्रीय गोष्ठी

नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयले प्रतिलिपि अधिकार संरक्षण तथा प्रबर्द्धन गर्नका निम्ति सो क्षेत्रमा रहेका प्रतिलिपि अधिकार कानून कार्यान्वयनसँग सम्बन्धित निकायका व्यक्ति तथा स्रष्टा, सर्जक प्रतिलिपि अधिकार धनीहरूलाई लक्षित गरी विभिन्न क्षेत्रमा गोष्ठी सञ्चालन गर्दै आइरहेको छ। सोही क्रममा यस कार्यालयले बौद्धिक सम्पत्ति कानून सम्बन्धमा विशेष चासो राख्ने ईटलीमा अध्ययन गरेका कानून व्यवसायीहरूको संस्था IDLO Alumni Association Nepal को सहभागीतामा २०६९ माघ १९ मा "प्रतिलिपि अधिकार कानून कार्यान्वयन र सुधारका क्षेत्रहरू" विषयक एक दिवसीय गोष्ठी काभ्रेको धुलिखेलमा सम्पन्न भएको छ ।

कार्यक्रममा संगीत रोयल्टी संकलन समाज नेपाल, प्रस्तोता समाज नेपाल र संगीत उत्पादक समाज नेपालका प्रतिनिधिहरू, अदालतका कर्मचारीहरू, प्रहरी अधिकृतहरू तथा कानून व्यवसायीहरूको सहभागिता रहेको थियो। कार्यक्रमको सुभारम्भ संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सहसचिव श्री रञ्जनकृष्ण अर्यालको प्रमुख आतिथ्यतामा भएको थियो। उहाँले प्रतिलिपि अधिकार ऐन नेपालमा नयाँ नभई २०२२ सालमै आएको बताउँदै यसको संरक्षणका लागि गर्नु पर्ने कुरामा पनि जोड दिनु भयो। साथै उहाँले प्रतिलिपि अधिकारको कार्यान्वनको विषय Science & Technology को जति विकास भयो उति नै जटिल हुँदै जाने विषय भएको कुरा पनि प्रष्ट पार्नु भयो।

नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका रजिष्ट्रार श्री बिसु कुमार के.सी.ले "स्रष्टा सर्जकहरूलाई आफ्नो अधिकार प्रति जागरुक बनाउनुका साथै आफ्नो हकहितको बारेमा सुसूचित बनाउनु, कानून कार्यान्वयनको क्षेत्रमा रहनु भएका अदालत, प्रहरी, सरकारी वकिलहरूलाई स्रष्टाको समस्याबारे जानकारी गराई आफ्नो क्षेत्रबाट सक्दो सहयोग गर्न तयार बनाउनु तथा प्रतिलिपि अधिकार कानून कार्यान्वयनमा देखा परेका समस्या पहिचान गरी त्यसको समाधानका उपायहरू पत्ता लगाउनु आदि यस गोष्ठीको मुख्य उदेश्य हो" भनी बताउनु भएको थियो ।

कार्यक्रममा प्रमाणीकरण नियन्त्रकको कार्यालयका नियन्त्रक श्री राजनराज पन्त, नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका रजिष्ट्रार श्री बिसु कुमार के.सी. र अधिवक्ता श्री परशुराम कोइरालाले छुट्टाछुट्टै विषयमा कार्यपत्रहरू प्रस्तुत गर्नु भएको थियो।

कार्यपत्र प्रस्तुत गर्दै नियन्त्रक श्री पन्तले डिजिटल प्रविधिमा पाइरेसी गर्न सजिलो, कम मेहनत लाग्ने, समय काम लाग्ने, पैसा पनि कम लाग्ने हुँदा पाईरेसीजन्य क्रियाकलापहरू बढेका र यसको नियन्त्रण जटिल बन्दै गएको तथ्य उल्लेख गर्नु भयो। यसले अर्थतन्त्रमा धेरै प्रभाव पारेको कुरामा जोड दिंदै रोकथामका लागि सरकार, प्रतिलिसिप अधिकार धनीका संघ संस्थाहरू, रोयल्टी संकलन समाजहरू, कानून कार्यान्वयन गर्ने निकायहरू र संचार माध्यमहरू बढी जिम्मेवार भएर अघि बढनु पर्ने आवश्यकता औंल्याउनु भयो। उहाँले पाइरेसी नियन्त्रण गर्न विभिन्न गोष्ठी, सेमिनार गर्ने, आम जनता र सरोकारवालाहरूलाई पनि जानकारी हुने गरी प्रचार प्रसार गर्ने, अदालत तथा प्रहरीबाट पनि अझ बढी सक्रिय हुनु पर्ने सुझाव दिनु भयो।

रजिष्ट्रार श्री के.सी.ले प्रतिलिपि अधिकार ऐन कार्यान्वयन तथा पाइरेसी नियन्त्रण सम्बन्धी गरिदै आएका कार्यहरू सम्बन्धमा जानकारी गराउनु भयो । उहाँले जनसाधारणमा ज्ञान र चेतनाको कमि, रचयिता आफै सचेत नहुनु, ऐन कार्यान्वयन गर्ने निकायहरूमा पर्याप्त ज्ञान, क्षमता र सीपको कमि हुनु र अन्य कार्यबोझ बढी हुनु तथा प्रतिलिपि अधिकार सम्बन्धी छुट्टै नीति बन्न नसक्नु जस्ता कुरा प्रतिलिपि अधिकार उल्लंघन सम्बन्धी समस्या निराकरणका बाधाहरू हुन भनी प्रकाश पार्नु भयो।

त्यसै गरी तेश्रो कार्यपत्र प्रस्तुतिमा अधिवक्ता श्री परशुराम कोइरालाले प्रतिलिपि अधिकार सम्बन्धमा विशेष जानकारी गराउँदै प्रतिलिपि अधिकार ऐन, २०५९ अन्तर्गतका कसूर र सजाय सम्बन्धी व्यवस्थाको बारेमा विस्तृत जानकारी दिनु भएको थियो । उहाँले प्रतिलिपि अधिकार उल्लंघन सम्बन्धी कसूर ठहरिने कार्यहरू, त्यस्ता कार्यहरू उल्लंघन गर्दा हुने दण्ड सजाय, मुद्दाको अनुसन्धान तहकिकात सम्बन्धी कारवाही र अदालतमा मुद्दा दायर गर्दा अपनाउनु पर्ने कार्यविधि जस्ता पक्षहरूमा रहेका कमि कमजोरी सहित आफ्नो सुझावहरू समेत प्रस्तुत गर्नु भएको थियो ।





अन्तरक्रिया तथा छलफल सत्रको अन्त्यमा बोल्दै ललितपुर जिल्ला अदालतका श्री गंगा प्रसाद घिमिरेले अदालतमा प्रतिलिपि अधिकार सम्बन्धी मुद्दा दायर नभएकोले यस सम्बन्धी कामको अनुभव नै प्राप्त हुन नपाएको तथ्य राख्नु भयो । उहाँले केही प्रतिलिपि अधिकार सम्बन्धी मुद्दा दुनियावादी मुद्दा सरह राख्न उपयुक्त हुने र प्रहरीले पनि जाहेरी नआए पनि सुराकीको आधारमा खानतलासी गरी कारवाही अगाडि बढाउँदा ऐन कार्यान्वयन गर्न सरकार प्रतिबद्ध छ भन्ने सन्देश जाने थियो भन्नु भयो । त्यसै गरी भक्तपुर प्रहरी परिसरका प्रहरी निरीक्षक श्री रूपक खड्काले प्रतिलिपि अधिकारका कुरा सेमिनार र गोष्ठीमा मात्र उठ्ने व्यवहारमा कुनै उजूरी नआउने गुनासो व्यक्त गर्दै उजूरी नआइकन प्रतिलिपि अधिकार उल्लंघन पिडित स्रष्टा सर्जकलाई प्रहरीको तर्फबाट सहयोग गर्न गाह्रो भएको छ भन्नु भयो । उहाँले उजूरी आएमा कारवाही अघि बढाउने प्रतिबद्धता व्यक्त गर्नुका साथै प्रतिलिपि अधिकार सम्बन्धी प्रचार प्रसारको खाँचो रहेको प्रष्ट पार्नु भयो । संगीत रोयल्टी संकलन समाज नेपालका का.वा. अध्यक्ष श्री सुरेश अधिकारीले स्रष्टा पनि उजूरी गर्न नजानु, कम्पनी पनि उजूरी गर्न नजानुको मूल कारण जनचेतनाको कमि भएको कुरा बताउनु भएको थियो ।

अधिवक्ता श्री सज्जनबरसिंह थापाले अदालत, सरकारी वकिल, प्रहरी जागरुक रहेको अवस्थामा स्रष्टाहरू पनि प्रक्रियागत रूपमा प्रतिलिपि अधिकारका हक हनन् भएका कुराहरू लिएर ती निकायहरूमा जान पछि पर्न नहुने विचार राख्नु भयो । कार्यक्रममा उपस्थित अन्य सहभागीहरूले पनि आ-आफ्नो विचारहरू व्यक्त गर्नु भएको थियो ।

कार्यक्रमको अन्तमा नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका रजिष्ट्रार श्री बिसु कुमार के.सी.ले स्रोत साधनले भ्याएसम्म रजिष्ट्रारको कार्यालयबाट प्रतिलिपि अधिकारको संरक्षण, कार्यान्वयन र यस सम्बन्धमा चेतना अभिवृद्धी गर्न सक्दो पहल गरिएको र आगामी दिनमा पनि निरन्तर रूपमा गर्ने कुराको प्रतिबद्धता जाहेर गर्दै कार्यक्रमलाई सहयोग गर्ने IDLO Alumni Association, कार्यपत्र प्रस्तोताहरू तथा सहभागीहरूलाई धन्यवाद व्यक्त गर्नु भएको थियो ।

# प्रहरी अधिकृतहरूका लागि प्रतिलिपि अधिकार सम्बन्धी तालीम

नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयले यही २०६९ साल फाल्गुण ३ र ४ गते कास्कीको पोखरामा नेपाल प्रहरीहरूका लागि आवासीय तालीम कार्यक्रमको आयोजना गर्‍यो । उक्त तालीम कार्यक्रममा पश्चिमाञ्चल क्षेत्रका विभिन्न निकायमा कार्यरत नेपाल प्रहरीका ३० जना अधिकृतहरूको सहभागिता थियो । कार्यालयले प्रतिलिपि अधिकार ऐन कार्यान्वयनलाई प्रभावकारी बनाउने उद्देश्यले यसअघि पनि यस्ता कार्यक्रमहरू नियमित रूपमा गर्दै आएको छ । प्रतिलिपि अधिकार कानून कार्यान्वयन विषयमा आयोजित उक्त तालीम कार्यक्रममा उपस्थित अतिथिहरू तथा सहभागिहरूलाई स्वागत गर्दै नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका रजिष्ट्रार श्री बिसु कुमार के.सी.ले नेपाल प्रहरीका विभिन्न निकायहरूले जनताको जीउ, धनको सुरक्षा गर्न विभिन्न कानूनहरू कार्यान्वयन गर्नु पर्ने हुन्छ त्यस मध्ये प्रतिलिपि अधिकार ऐन पनि एक महत्वपूर्ण ऐन हो भन्नु भयो । कुनै पनि साहित्यिक सांगीतिक तथा कलात्मक रचना, चलचित्र एवं कम्प्युटर सफ्टवेयर आदिको उत्पादन,




पुनःउत्पादन, प्रकाशन, प्रसारण, बिक्री वितरण तथा डाउनलोड गर्न प्रतिलिपि अधिकार धनीको स्वीकृति लिनु पर्ने हुन्छ । यस्तो अधिकार उल्लंघन गरेमा जरिवाना तथा कैद सजाय हुने र अधिकार उल्लंघन भएको मालवस्तु, यन्त्र, उपकरण आदि जफत हुने साथै त्यस्तो कार्यबाट रचयिता वा प्रतिलिपि अधिकारको धनीलाई पुगेको क्षतिको क्षतिपूर्ति भराइदिने व्यवस्था समेत प्रतिलिपि अधिकार ऐन, २०५९ मा रहेको कुरा रजिष्ट्रार श्री के.सी.ले जानकारी गराउनु भयो । उहाँले 'प्रतिलिपि अधिकार सम्बन्धी मुद्दाहरूको अनुसन्धान र तहकिकात गरेर अपराध गर्नेलाई दण्ड दिलाउने जिम्मेवारी प्रहरी अधकृतहरूको भएको हुँदा यस तालीमले यस्तो जिम्मेवारी पूरा गर्न सघाउ पुग्ने छ' भनेर सहभागीहरूलाई भन्नु भयो । अहिलेको युग Digital Technology को युग भएकोले यसले धेरै चुनौतिहरू पनि

ल्याएको छ भन्ने कुरा स्मरण गराउँदै नयाँ प्रविधिहरू प्रयोग गरेर हुने पाईरेसीको नियन्त्रण गर्न यस सम्बन्धी ज्ञान र सीप पनि हासिल गर्नु पर्दछ भन्ने तथ्य उपस्थित प्रहरी अधिकृतहरूलाई जानकारी गराउनु भयो । रजिष्ट्रार श्री के.सी.ले "यहाँहरूले आफ्ना अनुभवहरू आदान प्रदान समेत गरेर तालीम कार्यक्रमलाई थप उपलब्धीमूलक बनाउनु हुनेछ" भन्ने अनुरोध गर्दै उक्त कार्यक्रमको सुभारम्भ गर्न आउनु हुने सम्पूर्ण अतिथिहरू प्रति कार्यालयको तर्फबाट आभार व्यक्त गर्नु भयो ।



सुभारम्भ कार्यक्रमका प्रमुख अतिथि क्षेत्रीय प्रशासक श्री सुमन प्रसाद शर्माले "प्रतिलिपि अधिकार अनधिकृत रूपमा चोरीको समस्या संसारभर सबैलाई प्रभाव पार्ने विषय रहेछ । भर्खरै मात्र सामसुङ्ग र एप्पलको बीचमा चलेको विवादमा बिलियन डलर जरिवाना तिर्नु पर्ने अवस्था आयो । इन्टरनेटको विभिन्न साइटमा राखिएका कन्टेण्टहरूको दुरुपयोगले गर्दा अहिले इन्टरनेट सेवा नै चुनौतिपूर्ण बन्दै गएको छ" भन्नु भयो । क्षेत्रीय प्रशासक श्री शर्माले "गीत संगीत चलचित्र आदि प्रविधि प्रयोग गरेर पाईरेसी हुने काम बढेकाले यस बारेमा स्रष्टा र प्रहरी सबै चनाखो हुनु परेको छ" भन्नु भएको थियो । उहाँले अगाडि भन्नु भयो "अहिले प्रहरी कर्मचारीहरूलाई पाईरेसी नियन्त्रण गर्ने अत्यन्त चुनौतीपूर्ण अवस्था आइपरेको छ । यस्तो जटिल परिस्थितिमा हाम्रा सर्जकहरूको अधिकार र बौद्धिक सम्पतिको सुरक्षा गरी उहाँहरूलाई उचित सम्मान दिन सक्नु पर्दछ" भन्दै कार्यक्रमको सफलताको कामना समेत गर्नु भएको थियो ।

कार्यक्रममा अञ्चल प्रहरी कार्यालयका बरिष्ठ प्रहरी उपरीक्षक श्री केदारमानसिंह भण्डारीले 'साहित्य, गीत, संगीत, कला आदि क्षेत्रमा स्रष्टाहरूको हक रक्षा गर्न प्रतिलिपि अधिकार ऐन, २०५९ आएको हो । प्रतिलिपि अधिकार कानून कार्यान्वयनको जिम्मा नेपाल प्रहरीका अधिकृतहरूलाई भएको हुँदा यस सम्बन्धी ज्ञान र सीप उनीहरूलाई प्रदान गर्न यस्तो तालीम कार्यक्रम संचालन हुनु ज्यादै राम्रो काम हो' भन्ने विचार प्रकट गर्नु भयो । यो ऐन आउनुपूर्व प्रतिलिपि अधिकार उल्लंघन सम्बन्धी अपराधलाई सरकारी मुद्दा सम्बन्धी ऐनको अनुसूची-१ मा राखिएको थिएन । हालको ऐनले धेरै जिम्मेवारी प्रहरी अधिकृतहरूलाई दिएको हुँदा आफ्नो जिम्मेवारी कुशलतापूर्वक निर्वाह गर्न निर्देशन दिँदै बरिष्ठ प्रहरी उपरीक्षक श्री भण्डारीले जनतालाई प्रतिलिपि अधिकारको बारेमा सचेत गराउने, सुसूचित गराउने दायित्व तपाईहरूको पनि हो यसमा गम्भीर भएर लाग्न समेत आग्रह गर्नु भएको थियो ।

कार्यक्रममा कार्यालयका रजिष्ट्रार श्री बिसु कुमार के.सी., सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय, कास्कीका प्राचार्य श्री नारायणप्रसाद अर्याल, कास्की जिल्ला अदालतका श्रेस्तेदार श्री बासुदेव न्यौपाने, नेपाल प्रमाणीकरण नियन्त्रक कार्यालयका नियन्त्रक श्री राजनराज पन्त, जिल्ला प्रहरी कार्यालय कास्कीमा कार्यरत प्रहरी निरीक्षक श्री रवीन्द्र पौडेलले सम्बन्धित विषयहरूमा प्रशिक्षण गर्नु भएको थियो ।

दुई दिनको तालीम कार्यक्रमको अन्तमा निम्न विषयमा समस्या पहिचान र सामूहिक छलफल भएको थियो । सहभागी प्रहरी अधिकृतहरूले विषय वस्तुमा आ-आफ्ना धारणा र सुझावहरू स्पष्ट रूपमा राख्नु भयो ।

- प्रतिलिपि अधिकार ऐन, २०५९ मा सुधारको विषय
- प्रतिलिपि अधिकार उल्लंघन/पाइरेसी नियन्त्रण
- प्रतिलिपि अधिकार उल्लंघन गर्ने उपर दण्ड सजाय दिलाउने विषय ।

## नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयको अनुरोध

साहित्य, कला, ज्ञानविज्ञान लगायतका क्षेत्रमा मौलिक एवं बौद्धिक रूपले प्रस्तुत भएका रचना तथा ध्वनिअंकन, प्रस्तुति र प्रसारण जस्ता प्रतिलिपि अधिकारयुक्त वस्तुको उत्पादन, पुनरूत्पादन एवं व्यवसाय गर्नु पूर्व प्रतिलिपि अधिकारधनीको अनुमति अनिवार्य हुने हुँदा कसैको रचना वा सिर्जनाजन्य वस्तुको उत्पादन एवं पुनरूत्पादन गर्दा प्रतिलिपि अधिकार-धनीको लिखित सहमति वा अनुमति लिएर मात्र गर्न आग्रह गर्दै प्रतिलिपि अधिकारको प्रयोगकर्तामा पनि सक्कली उत्पादनको मात्र प्रयोग गर्न हार्दिक अपिल गरिन्छ ।

अनुमति विना प्रतिलिपि अधिकारयुक्त वस्तुको उत्पादन, पुनरूत्पादन एवं व्यवसाय गरेमा एक पटकमा रू. एक लाखसम्म जरिवाना वा ६ महिनासम्म कैद वा दुबै सजायका अतिरिक्त क्षतिपूर्ति समेत तिर्नुपर्ने व्यवस्था प्रतिलिपि अधिकार ऐन, २०५९ मा रहेको छ । प्रतिलिपि अधिकारधनीको अनुमति विना विभिन्न प्रकारका गीत संगीतमा थपघट गरी अधिकारयुक्त रचनाको स्वरूपमा परिवर्तन गरी पुनरूत्पादन गरेकोमा सम्मानित पुनरावेदन अदालत पाटनवाट रोक लगाउने गरी अन्तरिम आदेश समेत जारी भइसकेको सन्दर्भमा अधिकारधनी, प्रयोगकर्ता एवं व्यवसायीहरूमा उपर्युक्त ऐनको प्रावधानहरूलाई ध्यान दिई प्रतिलिपि अधिकारयुक्त वस्तुको प्रयोगमा सचेत रहन अनुरोध गर्दछौं ।

नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय

## चलचित्रकर्मिहरूका..........

अर्थतन्त्रमा महत्वपूर्ण योगदान पुऱ्याई रहेको तथ्याङ्क प्रस्तुत गर्दै नेपालमा पनि निश्चय नै यस क्षेत्रको महत्वपूर्ण भूमिका रहेको हुनुपर्दछ भन्ने धारणा राख्नु भयो। रचनात्मक कामहरूमा आधारित उद्यम व्यबसायहरूबाट आर्थिक बृद्धिमा भएको योगदानको मापन गर्ने काम धेरै नै चुनौतिपूर्ण रहेको भए तापनि यसको मापन र पहिचान गरेर सो बमोजिम अझ बढी सिर्जनात्मक कामहरूमा आाधारित उद्योगको विकास र विस्तारमा राज्यले जोड दिनु पर्ने आवश्यकता औंल्याउनु भयो ।

अर्को कार्यपत्र Copyright and Related Right in Nepal विषयमा नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यलयका रजिष्ट्रार श्री बिसु कुमार के.सी.ले नेपालको प्रतिलिपि अधिकार कानूनमा रहेका व्यवस्था विशेष गरी स्रष्टा वा प्रतिलपि अधिकार धनीहरूका आर्थिक तथा नैतिक अधिकारहरूको संरक्षण र कार्यान्वयन सम्बन्धी व्यबस्थाहरू बारेमा जानकारी गराउनु भयो । उहाँले सिर्जना उपरको स्वामित्व प्रतिलिपि अधिकारले प्रदान गर्ने र यसको सार्वजनिक प्रस्तुति र प्रयोग गर्दा प्रयोगकर्ता र अधिकार धनी बीच स्पष्ट सम्झौता गरिनु आवश्यक रहेको तथ्य जानकारी गराउनु भयो । धेरै सिर्जनाहरू र स्रष्टा कलाकारहरूको योगदानबाट एउटा चलचित्र निर्माण हुने हुँदा यस क्षेत्रमा त स्रष्टा कलाकारहरू र निर्माता बीच तथा निर्माता र बितरक, प्रदर्शक तथा लगानीकर्ताहरू बीच झन स्पष्ट र स्तरीय संझौता पत्र तयार पारी कार्यान्वयन गरिनु पर्दछ भन्ने विचार राख्नु भयो ।

Setting the Scene : Nepal and Film Market विषयमा नेपाल चलचित्र समालोचक समाजका अध्यक्ष श्री प्रदिप भट्टराईले कार्यपत्र प्रस्तुत गर्नु भयो। उहाँले नेपालमा चलचित्रको सुरुवात राज्यको तर्फबाट लगानी भई क्रमश: निजी क्षेत्रमा विकास हुँदै गएको, हाल चलचित्रको उत्पादन राम्रो रूपमा भइरहेको भए तापनि प्रतिफलका दृष्टिकोणबाट सन्तोषजनक नरहेको अवस्थाको चित्रण गर्नु भयो ।

कार्यक्रमको अर्को प्रस्तुति Copyright in the Film-making Process: From Development to Distribution to Exhibition विषयमा Compliance Consultanting, Los Angeles का President Mr. Rob Aft ले गर्नु भएको थियो । उहाँले अहिले प्रविधिले गर्दा चलचित्रका सबै सहभागी पक्षहरू विश्वव्यापी सञ्जालमा आइसकेका र यसले गर्दा विश्व बजारमा प्रवेश गर्ने अवसर पनि सहज पारेको कुरा राख्नु भयो । यसका चुनौति र लाभ दुवै भएकाले यस क्षेत्रमा काम गर्ने सबै कानूनी तथा व्याबसायीक रूपमा सक्षम हुन पर्ने निचोड उहाँको प्रस्तुतिमा थियो । Regional Film Environment: विषयमा Content Sales and Distribution, Celestial Entertainment, Hong Kong का Executive Vice President Mrs. Wendy Reeds ले दक्षिण एशियाली मुलुकहरू भारत, बंगलादेश, जापान, हङकङ, सिङ्गापुर आदि मुलुकहरूको चलचित्र व्यबसायमा प्रतिलिपि अधिकारको व्यबस्थापन र सम्झौतापत्रहरू सम्बन्धी क्रियाकलापको तुलनात्मक जानकारी दिनु भएको थियो । नेपालका तर्फबाट चलचित्र निर्माता श्री यादव खरेलले नेपालको सिनेमा निर्माण, वितरण तथा प्रदर्शनमा प्रतिलिपि अधिकारका प्रवधानहरू ज्यादै न्यून कार्यान्वयन भइरहेको वास्तविकता उल्लेख गर्नु भएको थियो । श्री खरेलले तथ्यहरूका साथ नेपालको चलचित्र क्षेत्रमा प्रतिलिपि अधिकारको व्यबस्थापन गर्ने चेतना, ज्ञान र सीपको ज्यादै कम रहेको चित्र प्रस्तुत गर्दै यस बारे सरकारले पहल गर्नु पर्ने र सम्बन्धित क्षेत्रका स्रष्टा, कलाकार, प्राविधिक तथा व्यबसायीहरूले पनि चासो राख्न पर्ने आवश्यकता औंल्याउनु भयो ।

कार्यशालाको दोस्रो दिन The Finance and Distribution Environment विषयमा विदेशी विज्ञहरूले प्रस्तुतिहरू गर्नु भएको थियो । उहाँहरूले सिनेमा निर्माण आर्थिक मुनाफाका लागि गरिने हो र नाफा हुँदैन भने कसैले पनि चलचित्रमा लगानी गर्ने आँट गर्दैन भन्दै स्वदेशमा प्रदर्शनबाट राम्रो आम्दानी नभएका कतिपय सांस्कृतिक तथा कला सम्बन्धी चलचित्रहरूले विदेशमा हुने चलचित्र मेलाहरूबाट प्रशस्तै कमाएका उदाहरणहरू पनि रहेको जानकारी गराउनु भयो । उहाँहरूले नेपाली चलचित्रलाई विदेशमा समेत प्रदर्शन गरेर बजारीकरण गर्न सकिने सम्भावना रहेको हुँदा यसका लागि प्रतिलिपि अधिकार सम्बन्धी सम्झौताहरूले अहम् महत्व राख्ने कुरा बताउनु भयो । The Future of Nepalese Film, TV, New Media Industries विषयमा नेपाल चलचित्र कलाकार संघका सल्लाहकार श्री लय संग्रौलाले "चलचित्रको गुणस्तरमा ह्रास आउन लागेको एवं लगानी उठाउन कठिन भइरहेको अवस्थामा यस्ता कार्यक्रमहरूले सघाउँछ कि" भन्ने आशा प्रकट गर्नु भयो । नेपालमा Box Office को प्रचलन नभएको हुँदा पनि चलचित्र क्षेत्रमा आशातित् उपलब्धी हुन सकेन भन्ने उहाँको दावी थियो । यसै गरी कार्यशालाको दोश्रो दिनको अन्तमा Chain of Title, Production Contract, Finance Paperwork तथा Distribution Contracts का विभिन्न पक्षहरूमा Mr. Rob Aft र Mrs. Wendy Reeds ले प्रशिक्षण दिनु भयो ।



अन्तमा कार्यशालाका सहभागीहरूले आ-आफ्ना धारणाहरू व्यक्त गर्नु भयो। यस क्रममा नेपाल चलचित्र निर्माता संघका श्री आकाश अधिकारीले नेपाल चलचित्र विकास बोर्डबाट आचार संहिताको एक अंशका रूपमा तयार गरिएको संझौता पत्रले धेरै पक्ष समेटिएको तर सो लागू हुन नसकेको तर्फ ध्यानाकर्षण गराउँदै नेपालको चलचित्र क्षेत्र विश्वासको आधारमा चलिरहेको र यो संस्कृति जस्तै भइसकेको साथै संझौताको किसिम पनि घरायसी किसिमको रहेकोले परिमार्जनको आवश्यकतालाई औंल्याउनु भयो। चलचित्र निर्देशक समाजका अध्यक्ष श्री विमल पौडेलले विधागत रूपमा निर्माता-निर्देशक, कलाकार, प्राविधिक बीच फरक-फरक सम्झौता हुन नसकिरहेको आवस्थाको चित्रण गर्नु भयो। यस क्रममा चलचित्र कलाकार संघका श्री सुशील पोखरेल, अधिवक्ता श्री परशुराम कोईराला लगायतले आफ्नो धारणा प्रस्तुत गर्नु भएको थियो। प्रतिलिपि अधिकार बारे समयमै सचेत रहनु पर्ने, पारदर्शी रूपमा कार्य गर्नु पर्ने, थाहा नपाएका कुराहरूको सूचना आदान प्रदान गरेर अगाडि बढ्नु पर्ने र विभिन्न देशमा रहेका व्यवस्थाको अध्ययन गरेर नेपालको अनुकूल हुने गरी संझौतापत्र तयार गरी लागू गर्नु पर्ने निष्कर्षमा पुगिएको थियो। कार्यक्रममा संगीत रोयल्टी सङ्कलन समाज नेपालका कार्यवाहक अध्यक्ष श्री सुरेशचन्द्र अधिकारी, नेपाल अदिवासी जनजाति, चलचित्र निर्माता संघकी अध्यक्ष श्री प्रतिमाया पुन, नेपाल चलचित्र कलाकार संघका अध्यक्ष श्री नवल खड्का, सह-प्राध्यापक डा. बलबहादुर मुखिया, नेपाल चलचित्र निर्माता संघका उपाध्यक्ष आकाश अधिकारी लगायतले चलचित्र, प्रतिलिपि अधिकार कानून, पाइरेसी नियन्त्रण, प्रतिलिपि अधिकार संझौता आदि विषयमा विभिन्न जिज्ञाशा तथा सुझावहरू राख्नु भएको थियो। अधिबक्ता श्री सज्जनबरसिह थापाले कार्यशालाको सहजकर्ता एवं अनुवादकको समेत जिम्मेवारी कुशलता पूर्वक निर्वाह गरेर कार्यक्रम सफल बनाउन सहयोग गर्नु भएको थियो र उहाँको यो क्षमता तथा परिश्रमको सबैले प्रशंसा गरेका थिए।

# प्रतिलिपि अधिकार ऐन सुधार सम्बन्धी छलफल

नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयले IDLO, Alumni Association Nepal को सहयोगमा यही माघ १८ मा Discussion Program on Issue Related to Copyright Act विषयक छलफल तथा अन्तरक्रिया कार्यक्रम काभ्रेको धुलिखेलमा सम्पन्न गरेको छ। कार्यक्रममा संगीत रोयल्टी संकलन समाज नेपाल, प्रस्तोता समाज नेपाल, संगीत उत्पादक समाज नेपालका प्रतिनिधिहरू तथा कानूनविद्हरू गरी करीव ३० जनाको सहभागिता थियो।

कार्यक्रम प्रतिलिपि अधिकार ऐनमा सुधारका आवश्यकताहरू पहिचान गर्ने, कार्यान्वयनमा देखिएका समस्याहरू केलाउने, अहिलेको डिजिटल प्रविधिले ल्याएका चुनौतिहरू सामना गर्न गर्नु पर्ने कामहरू बारे जानकारी लिने तथा अन्य सुधारका लागि सुझावहरू संकलन गर्नमा केन्द्रित थियो।

कार्यक्रममा प्रा. डा. बलबहादुर मुखियाले "Issues of Copyright Act and Its Scope for Amendment" विषयमा रजिष्ट्रार कार्यालयका रजिष्ट्रार बिसु कुमार के.सी.ले "Copyright Protection in Digital Environment" विषयमा र अधिवक्ता सज्जनबरसिंह थापाले "Enforcement Measures of Copyright" बिषयमा आ-आफ्ना कार्यपत्रहरू प्रस्तुत गर्नु भएको थियो। कार्यपत्रहरू प्रस्तुतिपछि सहभागीहरू बीच प्रतिलिपि अधिकार ऐन तथा कार्यान्वयनमा देखिएका समस्या तथा समाधानका विषयमा छलफल तथा अन्तरक्रिया भएको थियो।

छलफल तथा अन्तरक्रियाका क्रममा प्रतिलिपि अधिकार ऐन स्पष्ट र सरल हुनु पर्ने, समय सापेक्ष परिमार्जन हुनु पर्ने, रचना दर्ता अनिवार्य हुनु पर्ने, प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय तथा रोयल्टी संकलन संस्थाहरूलाई थप अधिकार सम्पन्न बनाउनु पर्ने, प्रतिलिपि अधिकार सम्बन्धी मुद्दाहरू सबै अनुसूचि-१ मा राख्दा झन झन्जट भएकाले यस सम्बन्धी मुद्दाहरू मध्ये उपयुक्त मुद्दाहरूलाई दुनियावादीको तहमा राखिनु पर्ने, रोयल्टीको विषयमा थप स्पष्ट हुनु पर्ने, ऐन बनाउँदा सोझै विदेशी ऐनहरूको अनुवाद गर्दा गलत अर्थ लाग्न सक्ने हुँदा सोच विचार पुऱ्याएर शब्द छनौट गरेर राख्नु पर्ने जस्ता सुझावहरू प्राप्त भएको थियो।

कार्यक्रमको अन्तमा अधिवक्ता सज्जनबरसिंह थापा, अधिवक्ता परशुराम कोइराला तथा नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका रजिष्ट्रार बिसु कुमार के.सी.ले सहभागीहरूको जिज्ञाशाको जवाफ दिनु भएको थियो। कार्यक्रममा प्रमुख अतिथि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सहसचिव रञ्जनकृष्ण अर्यालले प्रतिलिपि अधिकारलाई अन्तर्राष्ट्रिय रूपमै अघि बढाउनु पर्ने, यसलाई Civil Liability अन्तर्गत राखिनु पर्ने तथा प्रतिलिपि अधिकार ऐन समय सापेक्ष बनाउनु पर्ने आदि सुझाव दिंदै कार्यक्रमलाई समापन गर्नु भएको थियो।



## सम्पादकीय

# विश्व बौद्धिक सम्पति दिवस

मानिसका बौद्धिक सिर्जनालाई नै बौद्धिक सम्पत्ति भनिन्छ । खास गरी साहित्यिक र कलात्मक कार्य तथा प्रविधिमूलक नवीन सिर्जनाहरू नै बौद्धिक सम्पत्ति हुन् । तर बौद्धिक सम्पति भनेको यही हो र यिनै मात्र हुन भनी ठोस परिभाषा दिन सकिने स्थिति छैन । बौद्धिक सम्पत्ति अधिकार अनुसार यस्तो सम्पत्ति धनीको अनुमति विना अरूले त्यस्तो अधिकारको प्रयोग गर्न, बिक्री गर्न, भण्डारण गर्न पाउँदैन । बौद्धिक सम्पत्ति अधिकारका कारणबाट यसका सिर्जनाकार वा आविष्कारकले आफ्नो सिर्जनाको निर्धक्क भएर भोग चलन, बिक्री वितरण तथा प्रकाशन गर्न पाउँदछ । अरूले चोरी, नक्कल वा दुरुपयोग गर्ला र आफ्नो हक र फाइदा गुम्ला भन्ने डर हुँदैन ।

बौद्धिक सम्पत्ति अधिकार व्यवस्थाले सिर्जनात्मक र अनुसन्धानमूलक कामहरूलाई प्रोत्साहन गर्दछ । सिर्जनात्मक र अनुसन्धनात्मक कामको संरक्षण गरी स्रष्टा र समाज दुबैको हित र उन्नति गर्नु बौद्धिक सम्पत्ति व्यवस्थाको आदर्श पक्ष हो । बौद्धिक सम्पत्ति व्यवस्थाले आफ्नो मुलुकको आर्थिक, प्राविधिक र सांस्कृतिक विकास मात्र होईन अन्तर्राष्ट्रिय व्यापारलाई समेत टेवा पुऱ्याउने हुँदा यसलाई विकासको एउटा खामोको रूपमा लिइन्छ । बौद्धिक सिर्जना र नयाँ-नयाँ आविष्कारहरू नभएका भए आज जुन विकास र प्रगति भएको छ त्यो हुने थिएन भने भविष्यमा थप विकास र उन्नति हुन्छ भनी आशा पनि गर्न सकिने थिएन । तसर्थ कुनै पनि मुलुक र समाजको विकास र उन्नतिमा बौद्धिक सम्पत्ति व्यवस्थाको ठुलो योगदान रहन्छ ।

बौद्धिक सम्पत्ति सम्बन्धी थुप्रै अन्तर्राष्ट्रिय सन्धि, सम्झौताहरू क्रियाशील छन् । यी सन्धि सम्झौताहरूले बौद्धिक सम्पत्ति अधिकारहरू र यसको संरक्षणको लागि राज्यले लागू गर्नु पर्ने न्यूनतम सर्तहरू र मापदण्ड निर्धारण गरिदिएका छन् । यसै गरेर अर्को मुलुकका नागरिकको बौद्धिक सम्पत्तिको पनि आफ्नो मुलुकको नागरिकहरूलाई दिए सरह कै अधिकार दिनु पर्ने प्रावधानहरू यिनमा छन् । बौद्धिक सम्पत्ति सम्बन्धी यी सन्धि, सम्झौताहरूको प्रशासन र अन्तर्राष्ट्रिय जगतमा बौद्धिक सम्पत्तिको विकास एवं विस्तार गर्न विश्व बौद्धिक सम्पत्ति संगठन (WIPO) क्रियाशील छ । सन् १९६७ मा सम्पन्न WIPO Convention सन् १९७० मा क्रियाशील भएपछि WIPO अहिलेको स्वरूपमा स्थापना र विस्तार भएको हो । WIPO Convention सम्पन्न भएको दिन अप्रिल २६ लाई विश्व बौद्धिक सम्पत्ति दिवसको रूपमा मनाईने चलन छ । यस दिवसको उद्देश्य पनि अरू दिवसहरू जस्तै बैद्धिक सम्पत्तिको महत्व र औचित्य बारे सरकार तथा सर्वसाधारणलाई सचेत गराउने, यसको विकास, विस्तार र संरक्षण गरेर आर्थिक, प्राविधिक र सांस्कृतिक विकासको गतिलाई तीव्रता दिनु हो ।

यस वर्षको बैद्धिक सम्पति दिवसको नारा Ceartivity: Next Generation भनेर राखिएको छ । ज्ञान, विज्ञान, साहित्य र कला जगतमा युगान्तकारी परिवर्तन ल्याउने गरी योगदान दिने स्रष्टा सर्जक अविष्कारकहरूलाई सम्झना र सम्मान गरौं भन्ने नै यस दिवसको सन्देश हो । तर यस वर्षको नाराले ज्ञान, विज्ञान, प्रविधि, कला र सिर्जनाका क्षेत्रमा भविष्यमा हुने अकल्पनीय आविष्कार तथा रचनाहरूको सम्भावनालाई इङ्गीत गरेको छ । यसका लागि बौद्धिक सम्पत्ति अधिकार व्यवस्था लगायत रचनात्मक कामलाई प्रवर्द्धन गर्ने कामलाई प्राथमिकता दिन यो सन्देशले प्रेरित गर्न खोजेको छ ।

नेपालमा बौद्धिक सम्पत्ति अधिकार व्यबस्थाको विकासका लागि कानूनी, प्रशासनिक लगायत धेरै कामहरू बाँकी नै छन् । सवभन्दा महत्वपूर्ण कुरा यस बारे नीति निर्मातादेखि स्वयं अधिकार धनी तथा आम जनसाधारणमा ज्ञान, सीप तथा चेतना कै कमि छ । बौद्धिक सम्पत्ति दिवस मनाएर यस बारे चासो जगाउन सके पनि धेरै उपलब्धि हुने थियो । यसै अवसरमा सवल बौद्धिक सम्पत्ति अधिकार व्यवस्थाको निर्माणका लागि चाहिने कानूनी, प्रशासनिक र आर्थिक संरचना खडा गर्न राज्यका तर्फबाट अग्रसरता र आम जनसमुदायमा सिर्जनात्मक काम गर्ने एवं सिर्जनात्मक कामहरूलाई सम्मान गर्ने प्रतिबद्धता पनि आउन सके दिवसको सार्थकता रहने थियो ।

**बिसु कुमार के.सी.**
रजिष्ट्रार

## २०६९ फाल्गुण ३० सम्मको रचना दर्ता




जम्मा रचना दर्ताः ९१६

## सिर्जना दर्ताका लागि आवश्यक सामग्रीहरू

१. रचना एवं सिर्जना प्रति -२
२. नागरिकताको प्रतिलिपि प्रति -१
३. सम्बन्धित स्रष्टाको तस्वीर (PP Size Photo) प्रति -२
४. निवेदन फारामसाथ रू. १०/-को टिकट प्रति -१
५. दर्ता शुल्क रू. १००/- (प्रत्येक रचनाको लागि)
६. ध्वनिअंकन उत्पादन दर्ताको लागि सम्बन्धित गीतकार, संगीकार र गायक/गायिकाहरूसंगको लिखित सम्झौताको प्रतिलिपिहरू समेत संगलग्न गर्नु पर्नेछ ।

**Nepal Copyright Registrar's Office**
Kalikasthan, Kathmandu, Nepal
Tel: 977-1-4431155, 4443750
Fax: 977-1-4431144, PO Box: 430
E-mail: info@nepalcopyright.gov.np
Web Page: www.nepalcopyright.gov.np

प्रतिलिपि अधिकार बुलेटिन नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयबाट निःशुल्क वितरण गरिन्छ । यस बुलेटिनका सम्बन्धमा यदि तपाईको कुनै जिज्ञासा वा सुझाव छ भने हामीलाई यस ठेगानामा सम्पर्क गर्न नबिर्सनु होला ।

Mail to:

All Photos by NCRO, © सर्वाधिकार : नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयमा सुरक्षित । प्रिन्टिङ :